संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

मुलुकी दैनिकको नयाँ विज्ञापन दर

आवरण पृष्ठ: प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पूरा: ४५,०००/-
अन्तिम पृष्ठ पूरा: ६०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
ज्याकेट: ७५,०००/-
नोट: रु.२०,०००/- भन्दा माथिको बिलमा मूल्य अभिवृद्धि कर जोडिनेछ।

■ बर्ष-१६, ▶▶ अंक २८५ ▶▶ बैशाख २२ गते बुधबार,२०७८, May -5 Wednsday, 2021, यलेदुङ किरात सम्वत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. २५/- www.majhkharka.com



*बुढेसकालको साहारा* । उदयपुर त्रियुगा नगरपालिका १ जोगिदहका एक वृद्ध दम्पती आफुले उत्पादन गरेको बाँस सदरमुकाम गाईघाट बजारमा गोरुगाडामा बोकाएर बेच्न आउदै । *तस्बिर - बुद्धि चामलिङ* ।


## उदयपुरमा कोविड संक्रमण तिब्र

# एकैदिन ३३ थपिदै संक्रमित संख्या ७८ पुग्यो

❖ मुलुकी संबाददाता

*उदयपुर, वैशाख २१*

पछिल्लो समय महामारीको रुप लिदै गरेको कोभिड भेरिएन्टको लहरले उदयपुरलाई प्रभावित बनाउँदै लगेको छ। मंगलबार आएको पिसिआर रिपोर्ट अनुसार एकै दिन ३३ जना संक्रमित थपिए पछि जिल्लामा कोविडले त्रसित वातावरण सिर्जना गरेको हो।



जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुसार पछिल्लो नतिजा अनुसार जिल्लामा कोविड संक्रमितको संख्या ७८ पुगेको छ। मंगलबारसम्मको रिपोर्टै अनुसार २७ महिला र ५१ पुरुष संक्रमित देखिएको छ। जसमध्ये ३ जनाको अवस्था गम्भीर रहेको रहेको र उनीहरुलाई अक्सिजन दिएर उपचार भईरहेको स्वास्थ्य कार्यालयले जनाएको छ।

जिल्ला स्वास्थ्य प्रमुख मोहन सुबेदीका अनुसार उदयपुरमा अघिल्लो दिनसम्म ४५ संक्रमित थिए। दुई दिनअघि संकलन गरी पठाइएको पिसिआर रिपोर्टको नतिजा मंगलबार आउँदा ३३ जना नयाँ संक्रमित पुष्टि भएका हुन्। नयाँ संक्रमितमध्ये ज्ञसबभन्दा बढी त्रियुगा नगरपालिकामा ७ महिलासहित २४ जना रहेका छन्। त्यसैगरी चौदण्डीगढी नगरपालिकामा १ महिलासहित ५ जना संक्रमित फेला पर्दा बेलकामा १ पुरुष, उदयपरगढीमा १ महिलासहित ३ र रौतामाईमा १ महिलासहित ५ जना नयाँ संक्रमित भेटिएको जनस्वास्थ्य कार्यालयका तथ्यांक शाखा प्रमुख उमेश लुईटेलले बताए।

मंगलबार भेटिएका ३३ सहित त्रियुगामा संक्रमितको संख्या २० महिला र ३४ पुरुष गरी ५४ जना पुगेको छ। त्रियुगा ६ मा ४ पुरुष ३ महिला गरी ७ जनामा संक्रमण देखिदा १० नं. मा ३ महिला र ३ पुरुष गरी ६ जना, ११ मा २ पुरुष १ महिला, १२ मा २ पुरुष १ महिला, २ नं. मा २ पुरुष, ९ नं. मा २ पुरुष, १ नं. मा १ पुरुष २ महिला संक्रमित छन्। वडा नं. २ मा २ पुरुष, ३ मा १ पुरुष १ महिला, ९ मा २ पुरुष, ५ मा १ पुरुष १ महिला संक्रमित फेला परेको लुईटेलले बताए।

हालसम्म फेला परेका ७८ संक्रमितमा चौदण्डीगढी नगरपालिकामा २ महिलासहित १०, रौतामाई गाउँपालिकामा १ महिलासहित ५, कटारी नगरपालिकामा २ महिलासहित ४, उदयपुरगढी गाउँपालिकामा १ महिलासहित ३, बेलका नगरपालिकामा १ महिलासहित २ रहेका छन्। लिम्चलुङबुङ र ताप्ली गाउँपालिकामा अहिलेसम्म संक्रमित -*बाँकी २ पेजमा*






त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी।
प्रोपाइटर:-**थमान चामलिङ राई**
सम्पर्क:- ९८४२९७५८७७, ९८१९७३८६८३
*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ। पानी, थुक्पा, रस, स्वदेशी तथा विदेशी र रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ।*



## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसँगै जोडिएको।
प्रोपाइटर:-**बिनोदकुमार पाण्डे**
सम्पर्क:- ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## सम्पादकीय
# तरकारीको मुल्य एउटै हुनपर्छ।

गाइघाट बजारमा तरकारीको मूल्य आफुखुशी फरक - फरक मूल्य राखेर उपभोक्तालाइ बेचेको पाइएको छ। दैनिक उपभोग गरिने तरकारीको मूल्य बजारमा एउटै मुल्यमा पाइदैन । सदरमुकाम गाईघाटको थरुहट रङगशालासँगै रहेको तरकार ी बजारमा राखिएको तरकारीको मुल्य सस्तो छ ।

तर गाईघाट बजारका सडकपेटीमा बेच्न राखिएको तर कारीको मुल्य किन महङ्गो ? तरकारीको मूल्य बराबर हुनु पर्दैन र ? किन मूल्य फरक - फरक भयो त ? तरकारीको मुल्य बर ाबर बनाउनको लागि बाणिज्य सङघले नीति बनायर अनुगमन गर्ने पो हो कि ? कि त उपभोक्ता आफै सचेत भयर खबरदारी गर्नुपर्यो । बजारमा सबै तरकारीको मूल्य बराबर हुनुपर्यो । तर कारी हेर्दा राम्रो तर गुणस्तरमा न्युन भयको तरकारी नि बेच्नु भयन । सकिन्छ जो पायो त्यो मानिसले बेच्न राखेको तरकारी उपभोक्ताले खान भएन। स्वस्थ खाना, तरकारीले नै मानिसलाई स्वस्थ र बलियो बनाउछ। खुट्टामा लगाउने जुत्ता सिसाको सोकेस भित्र सजाएर पोलिक लगाएर बेच्न राख्छन् व्यपारीहरु। तर तिनै व्यापारी जो खुट्टामा लगाउने जुत्ता सोकेसमा राख्छन उनी तरकारी भने सडक पेटीमा धुलै धुलोमा बेच्न राखिएको तर कारी उपभोग गर्छन । सकिन्छ तरकारी आफैं करेसाबारीमा उत्पादन गरेर खाने गरोउ। सकिदैन समुदायको सचेत नागरिकले बेच्न राखेको तरकारी किनेर खाने गरोउ । एउटा सचेत नागरि क जो नाफा कमाउनु भन्दा समुदायको नागरिक स्वस्थ भयो भने समाज र देशलाई बिकास गर्न राम्रो टेवा पुग्छ भनेर व्यापार गर्छन । हो त्यस्तै सोच भएका मानिसले तरकारी बेच्न सुरु गरोउ ।

हामी उपभोक्तले पनि समाज र नागरिकको हितको निम्ति सोच्ने, व्यापारीहरुको खोजी गरोउ । समाजलाइ बिकास तर्फ लम्कन मेहनत गर्नुपर्छ भन्ने सन्देश दिन पनि आफुले खाने तरकारी आफैं अर्गानिक खेती गरोउ । स्वस्थ तरकारी खानको लागि स्वस्थ सोचको बिकास गरोउ। बजारमा भएको तरकारीको मुल्य मनपरीतन्त्रलाई रोक्न सबै क्षेत्रको सम्बन्धित निकायले खबरदारी र निगरानी गरोउ। कहि कतै कालाबजारी मुल्य फर क पाईएमा सञ्चारकर्मी या प्रहरीलाई खबर गरौ। अहिले बन्दको समयमा खराब सोच भएका व्यापारीहरुले बजार भाउलाई नियन्त्रणमा राख्न आफुखुशी मुल्य राखेर तरकारी बेचिरहेको छ यस गलत कार्यलाई रोक्न सबैले पहल गरौ ।



**प्रहरी सक्रियता** ।गाईघाटको पुरानो गाईघाटमा एउटा मोटरसाइकलमा दुई जना चढेर हिडेका यात्रुहरुको दुई पाङ्ग्रे सवारीसाधान प्रहरीले नियन्त्रणमा लिदै। कोभिडका कारण गाईघाटको चोक चोकमा प्रहरीको सक्रियता बढेको छ। **तस्बिर - मुलुकी ।**



**हेला खेल**। उदयपुर सदरमुकाम गाईघाटमा क्रिकेट खेलमैदान नहुँदा क्रिकेट खेलाडीहरु खाँली रहेको जग्गा खोजेर क्रिकेट खेल्नु पर्ने बाध्यता छ। पुरानो गाईघाटको बुद्धचोकको खाली जग्गामा क्रिकेट खेल्दै स्थानीय खेलाडीहरु । **तस्बिर - मुलुकी ।**

## गाईघाटको तरकारी बजार भाउ



| | | | |
|---|---|---|---|
| १, आलु | रु ३० | १२, फुलकोबी | रु १०० |
| २, अदुवा | रु १०० | १३, फर्सि | रु ३० |
| ३, टमाटर | रु ३० | १४, कटहर | रु ६० |
| ४, बन्दा | रु ४० | १५, काका | रु ४० |
| ५, भेन्टा | रु ४० | १६, धनियाँ | रु १५० |
| ६, खुर्सानी | रु १०० | १७, लोकलबोडि | रु ८० |
| ७, मुला | रु ६० | १८, खर्बुजा | रु ४० |
| ८, पर्बल | रु १०० | १९, रायो साग | रु ८० |
| ९, तितेकरेला | रु ६० | २०, लट्टे साग | रु ४० |
| १०, भिन्डी | रु ५० | २१, प्याज | रु ५० |
| ११, च्याउ | रु २०० | | |

### उदयपुरमा......

नदेखिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

अघिल्लो दिन सोमबारसम्म १५ महिलासहित ४५ जना संक्रमित रहेको उदयपुरमा एकैदिन १२ महिलासहित ३३ संक्रमित थपिए सँगै जिल्लाको संक्रमण अवस्था भयावह हुने संकेत देखिएको जिल्ला स्वास्थ्य प्रमुख मोहन सुबेदीले बताए । उनका अनुसार संक्रमितमध्ये ३ जनाको अवस्था गम्भीर रहेको छ । उनीहरुलाई चौदण्डीगढी नगरपालिका ६ सातधारे बेलटारस्थित 'उदयपुर कोभिड अस्पताल'मा उपचार भईरहेको छ । त्रियुगा नगरपालिकाका २५, ५१ र ६० वर्षका ३ संक्रमितलाई अक्सिजन दिएर उपचार गराईराखेको सुबेदीले बताएका छन् ।

सुबेदीका अनुसार अघिल्लो दिन विराटनगरस्थित नोबेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएका चौदण्डीगढी ५ का ५५ वर्षीय एक पुरुषमा कोभिड संक्रमण भएको खुलेको छ। सोमबार दिउसो उपचारको क्रममा मृत्यु भएका उनी सुनसरीको इनरुवास्थित हुलाक कार्यालयमा कार्यरत कर्मचारी रहेको स्वास्थ्यले जनाएको छ। केहीदिनअघि ज्वरो आएपछि चौनपा ५ शिवाईस्थित घर आएका उनलाई थप स्वास्थ्यमा जटिलता आएपछि नोबेल भर्ना गरिएकोमा उपचारकै क्रममा मृत्यु भएको खवर आएको सुबेदीले बताए ।

अघिल्लो दिनसम्मका संक्रमित भने एन्टीजेन परीक्षणबाट संक्रमित पुष्टि भएका हुन् । उदपुरमा पिसिआर र एन्टीजेन दुवै बिधिबाट कोभिड परीक्षाण भईरहेको छ। तर, पर्याप्त मात्रामा किट नपाउँदा शंकास्पदलाई मात्र परीक्षण गर्ने गरिएको छ। स्वास्थ्य कार्यालयले सबै स्थानीयतहलाई एन्टीजेन वा पिसिआर किट खरिद गर्न आग्रह गरे पनि त्रियुगा, चौदण्डीगढी, बेलका र उदयपुरगढीले मात्र खरिद गरेका छन्। त्रियुगा र चौदण्डीगढीले ५-५ सय, बेलका र उदयपुरगढीले १-१ सय थानका दरले खरिद गर्न चाहे पनि पर्याप्त किट नपाएको जनाएका छन् ।

चौदण्डीगढी नगरप्रमुख खगेन्द्र राईले ५ सय थान एन्टीजेन किन्न खोजे पनि नपाएपछि ३ सय थान मात्र किनेको बताए। उनले नगरपालिकामै रहेको कोभिड अस्पताललाई सक्षम र व्यवस्थित बनाउँदै संक्रमितको उपचार त्यहींबाट गर्ने चाँजोपाँजो मिलाउँदै गरेको बताएका छन्। हाल ९ जना पुरुष संक्रमितको उपचार भईरहेको अस्पतालमा अक्सिजनसहितको उपचार गर्ने व्यवस्था मिलाइएको मेयर राईले बताए ।

## उदयपुरमा कोविड कहर

# स्विमिङ पुल व्यबसाय घाटामा

❖ संगीता राई

*गाईघाट, बैशाख २१*

३ वर्षअघि सुरु भएको गाईघाटको युनिभर्सल स्विमिङ पुल कोविडको कारण व्यबसायमा घाटा भएको छ। १ वर्षअगाडि कोबिड सुरु हुनुपहिले राम्रो आम्दानी हुँदै गएको स्विमिङ पुलको सञ्चालक विष्णु बुढाथोकी बताउँछन् । स्विमिङ पुल व्यबसाय अहिले कोविडका कारण ग्राहक नभएपछि व्यापार घाटामा गएको बुढाथोकी बताउँछन् ।



सञ्चालक बुढाथोकीका अनुसार १ करोड २० लाख लगानीमा सुरु गरिएको स्विमिङ पुल अहिले ठप्प जस्तै छ। यहाँ दैनिक १ सयदेखि १ सय ५० जनासम्म पौडी खेल्न ग्राहकहरु आउने गर्थे। कोविड सुरु भएसँगै पुल सुनसान छ। २३ वर्षसम्म मेनपावर सञ्चालक बुढाथोकी गाईघाटमा नयाँ काम गर्नका लागि अढाई कठ्ठा जग्गामा स्विमिङ सुरु गरेका थिए। स्विमिङ पुलमा उमेर अनुसार साना ठुला उमेरकालाई २ सय रुपैयामा दिनभरी पौडी खेल्न सकिन्छ। स्विमिङ पुल मानिसको उमेर अनुसार बच्चाको १ फिट र ठुलो मान्छेका लागि ७ फिट सम्मको गहिराईभएको पोखरीको व्यबस्था छ।

पौडी खेल्नुअगाडि नुहाउनुपर्ने हुन्छ। पौडी खेलिसकेपछि पोखरी बाहिर साबुन पानीले नुहाउने व्यवस्था छ। स्विमिङ पुलसँगै बुढाथोकीले लालटिन होटलसमेत खोलेका छन्। उनको लालटिन होटलमा विभिन प्रकारका खाने कुराहरु व्यवस्था छ। स्विमिङ पुल र होटलमा ८ जना कामदारहरुले रोजगारी पाएका छन्।

कोविडका कारण घाटामा गईरहेको उनको व्यवसाय नाफामा होटल व्यवसाय सुरु गरेको बुढाथोकीले बताए। यसबाहेक उनले पाटी प्यालेस, पार्किङ तथा घरजग्गा व्यवसायसमेत सञ्चालन गर्ने योजना बनाएका थिए।

उदयपुरमा युनिभर्सल बाहेक होटल वर्ल्ड दरबारमा पनि व्यवसायिक स्विमिङ पुलको व्यवस्था छ।


हामी स्थानीय हौं,
स्थानीय उत्पादन नै उपयोग गरौं,
गिरीबन्धु प्लाष्टिकका पाइप !














# बुटबलको पहिलो हार

❖ बिबेक राई

*गाईघाट, बैशाख २०*

खुकुरी सुपर लिगमा बुटवल लुम्बिनीएफसीले पहिलो हार व्योहेरेको छ ।

बुटवलले लिगको चौथो चरणको अन्तिम खेलमाआएर काठमाडौं रेजर्स एफसीलाई मंगलबार १(० को नतिजा सुम्पियो । बुटवल अहिलेसम्मलिगमाहार नव्योहेर्ने एकमात्र टोलीथियो । यसअघि एक जित र दुई बराबरी गरेको बुटवलले आफ्नो खेलमाकम्तीमादुई गोल गर्ने गरेको थियो । काठमाडौंविरुद्धको खेलमाभने बुटवलले बिर्सनलायक खेल खेल्यो ।

उसो त आफ्ना भरपर्दा डिफेन्डर रविनश्रेष्ठ र मिडफिल्डर अमिर श्रेष्ठ घाईते भएर प्लेयिङ सेटमै नपर्नुको प्रष्ट अभाव बुटवललाई देखिएको थियो । काठमाडौंभने खेल अवधिभर बुटवलमाथि दबाबबनाइराख्न सफलभयो । एक जीत, एक बराबर र एक हार खेलेको



*उदयपुर गाईघाटको महिला फुटबल खेलाडीहरुलाई प्रशिक्षण दिदै प्रशिक्षक बिरेन्द्रमान सिह बस्नेत । तस्विर: मुलुकी*

काठमाडौंलाई बुटवलविरुद्धको खेल डुअर डाइको अवस्थाथियो । नभन्दै खेलको सुरुवाती समयमा नै काठमाडौं गोल गर्न सफलपनिभयो ।

पाचौं मिनेटमा पछाडिबाट आएको लामो पासको बललाई बुटवलका डिफेन्डरले लापरवाही गरेर छाडेको अवस्थामा स्टेफेन बिनोडले अघि बढेर गोल गरेका थिए । उनले विपक्षीदुई डिफेन्डरलाई र निङमाजितेर गोलरक्षक विशालश्रेष्ठ अघि बढ्ने वा नबढ्ने दोधारमा परेको फाइदा उठाउँदै गोल गरेका थिए । उनको प्रहारलाई बुटवलका रक्षक मानबहादुर परियारले कुदेर आएर गोललाइनबाट क्लियर गर्ने कोसिस गरेपनि सकेनन् ।

दशरथ रंगशालामाखेलको सुरुवातदेखि नै काठमाडौं बुटवलमाथि हाबि देखिएको थियो । पाँचमिनेटभित्र पाँच आक्रमण गरिसक्नु र एकमात सफलपनिहुनुले काठमाडौं सुरुदेखि आक्रमक रुपमा प्रस्तुतभएको बुझ्नु सकिन्छ । उसो त गोलगर्नु अघि तेस्रो मिनेटमा पनि काठमाडौं गोलको एकदमनजिकथियो । आफूसँगै रहेका दुई डिफेन्डरलाई बिट गर्दै डिबक्सभित्रबाट सुदिल राईले गरेको प्रहारलाई गोलरक्षक श्रेष्ठले बल नियन्त्रण्मा लिएकाथिए ।

गोलखाएको दोस्रो मिनेटपछि नै बुटवललेपेनाल्टी जस्तो गोल फर्काउने सुनौलो मौका पाएको थियो । डिबक्सभित्रकाठमाडौंका खेलाडिले सुमन लामालाई लडाएका भन्दै रेफ्रिकविनव्याञ्जनकारले बुटवललाई पेनाल्टी दिएकाथिए । तर जारी लिगमाअहिलेसम्मदिइएको चारमध्ये तेस्रो पेनाल्टी खेरफाल्ने क्रममाविलियमले फितलो प्रहार गरे । उनको दायाँ खुट्टाको प्रहारलाई काठमाडौंकागोलरक्षक विकेश कुथुले सजिलै बचाए ।

दुवै टोलीकागोलरक्षक नै कप्तानभएको खेलको नवौं मिनेटमा रेफ्रिसँगअनावश्यकविवाद गरेबापत बुटवलका ओमलेजा नुरेन करिमले पहेँलो कार्ड पाएकाथिए । पहिलो हाफमा एक गोलको अग्रतालिएको काठमाडौंले पहिलो हाफफ सकिँदासम्म११ आक्रमण गरिसकेको थियो ।जबकित्यतिबेलासम्म बुटवलले चार आक्रमण मात्र गरेको थियो ।पहिलो हाफमा पछि परेको बुटवलले दोस्रो हाफमापनिगतिलो आक्रमण बुन्न सकेन । एक गोलले पछि परेको अवस्थामा बुटवलले ५५ औं मिनेटमासेसेहाङ आङदाम्बे निकाल्दै रविथापा मगरलाई पठायो ।

खेलमा पछि परेको तनावमाप्रशिक्षक सनोज श्रेष्ठ र टिम म्यानेजर राजुकाजीशाक्यले ६३ औं मिनेटमा रपदिप पौडेल निकाल्दै जय गुरुङपठाए । त्यतिले मात्रनभएर९० औंमिनेटमा लक्ष्मण रुचालको ठाउँमा पासाङ लामालाई परिवर्तन पनिगऱ्यो । तर पनिगोलफर्काउन सकेन र चौथो चरणमा आएर पहिलो हार व्योहोर्नु बाध्यभयो । जीतपछि काठमाडौं तेस्रो स्थानमाउक्लिएको छ भने बुटवल चौथो स्थानमाझरेको छ । काठमाडौंकाराई प्रमिसिङ प्लेयर हुँदै गिफ्ट ह्याम्पर र दशहजार तथा काठमाडौंका नै गोलरक्षक विकेशलेहुवावे सुपर प्लेयर हुँदै टूफि र पच्चिस हजार हातपारे ।


## बिक्रिमा

## चलिरहेको होटल बिक्रिमा



गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा । इच्छुकले सम्पर्क गर्नुहोला । सम्पर्क -९८४२९९४३३०




**स्थानीय उत्पादन उपयोग गरौं,**

**रौता साबुन नै प्रयोग गरौ !**



**हामी सबैको रोजाइ रौता साबुन**





माझखर्क सञ्चारग्रह प्रकाशन
मुलुकी
प्रकाशक/संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :माझखर्क अफसेटप्रेस, गाईघाट